(Nepali Version)

# ड्रेनेज पाइपको मर्मत-सम्भारका बारेमा तपाईंलाई के-के कुराहरू थाहा हुन आवश्यक छ





भवन विभाग
मार्च 2021

屋 宇 署
BUILDINGS
DEPARTMENT

# आवासीय इकाईहरूको ड्रेनेज पाइप तथा सेनेटरी फिटमेन्टहरूको निरीक्षण तथा मर्मत सम्भारसम्बन्धी निर्देशिका

**1** सबै भित्रि ड्रेनेज पाइपहरू र तिनीहरूसँग जोडिएका सेनेटरी फिटमेन्ट (सामग्री) हरूलाई नियमित रूपमा निरीक्षण गरिनुपर्छ र त्यसो गर्दा निम्न फोटोहरूमा रातो डटेड लाइनहरूद्वारा चिन्ह लगाइएका भागहरूमा विशेष ध्यान दिइनुपर्छ।



**2** यदि निम्नमध्ये कुनै पनि अवस्था देखिएमा कृपया निरीक्षण / मर्मतका लागि तत्कालै आफ्नो भवन व्यवस्थापन कार्यालयलाई जानकारी गराउनुहोस् वा योग्य भवन पेशाकर्मी / ठेकेदारको व्यवस्था मिलाउनुहोस्।




- ड्रेनेज पाइपहरू / सेनेटरी फिटमेन्टहरूबाट दुर्गन्ध वा अनौठो आवाज
- ड्रेनेज पाइपहरू / सेनेटरी फिटमेन्टहरूमा चर्किएको वा खिया लागेका दागहरू
- खुकुला पाइप ब्राकेटहरू
- ड्रेनेज पाइपहरू / सेनेटरी फिटमेन्टहरूमा चुहिएको वा अवरुद्ध भएको
- समय-समयमा वाटर क्लोजेट (फ्लश टोइलेट) बाट पानीका फोकाहरू निक्लिरहेको







**3** ड्रेनेज पाइपहरूमा अवरोध (ब्लकेज) बाट बच्नका लागि वाटर क्लोजेट र ड्रेनेज आउटलेटहरूमा कुनै पनि वस्तु नहाल्नुहोस्।



**4** हरेक हप्ता प्रत्येक फ्लोर ड्रेनमा आधा लिटर जति पानी खन्याउने गर्नुहोस्। यदि तपाईंले फ्लोर ड्रेनहरूलाई पत्ता लगाउन सक्नुभएन भने कृपया आफ्नो भवन व्यवस्थापन कार्यालय वा योग्य भवन पेशाकर्मी / ठेकेदारसँग परामर्श गर्नुहोस्।




**5** बाथरूमहरूमा अत्यधिक क्षमताका एग्जस्ट फ्यान (निकास पङ्खा) हरू स्थापना नगर्नुहोस्। सोधपूछहरूका लागि, कृपया योग्य भवन पेशाकर्मी / ठेकेदारलाई सम्पर्क गर्नुहोस्।

**6** प्रत्येक सेनेटरी फिटमेन्टमा उपयुक्त ट्र्याप फिट गरिएको छ भनेर सुनिश्चित गर्नुहोस्।

बाथटब हटाएर शावर ट्रे राख्दा पछि सो ट्रेमा उपयुक्त ट्र्याप फिट गरिएको छ भनेर सुनिश्चित गर्नुहोस्*।




*ट्र्यापलाई एन्टी-सिफोनेज पाइपद्वारा भेन्टिलेट हुने (हावा आउजाउ गर्न मिल्ने) गराउनुपर्छ वा वाटर सिल नगुमोस् भनेर निर्माण गरिनुपर्छ।

**7** वाशिङ मेसिनको ड्रेनेज आउटलेटलाई उपयुक्त ट्र्याप उपलब्ध गराइनुपर्छ र वेस्ट पाइपसँग जोडिनुपर्छ।




**8** "वाटर सिल" गुम्न नदिनका लागि, यदि वेस्ट / सोयल फिटमेन्टको एउटाभन्दा बढी ट्र्याप एउटा वेस्ट / सोयल पाइपसँग जोडिएको छ भने ट्र्यापहरूलाई एन्टी-सिफोनेज पाइपहरू प्रयोग गरेर भेन्टिलेट हुने गराउनुपर्छ र त्यसैगरी "वाटर सिल" नगुमोस् भन्नका लागि वेस्ट फिटमेन्टहरूमा राखिने ट्र्यापहरूमा एन्टी-सिफोनेज एयर भल्भहरू जोड्न सकिन्छ।



**9** सबै ट्र्यापहरूले सही तरिकामा काम गरिरहेका छन् भनेर सुनिश्चित गर्नुहोस्। एन्टी-सिफोनेज पाइपहरूलाई वा वेस्ट / सोयल फिटमेन्टहरूको एन्टी-सिफोनेज एयर भल्भहरू मा राखिएका ट्र्यापहरूलाई हटाउने वा परिवर्तन गर्ने नगर्नुहोस् र एन्टी-सिफोनेज प्रकार्य भएको ट्र्यापलाई त्यस्तो प्रकार्य नभएको ट्र्यापले प्रतिस्थापन गर्ने नगर्नुहोस्।







**10** आफ्नो फ्ल्याटलाई सफा तथा निर्मलीकरण गर्न र राम्रो व्यक्तिगत सरसफाई कायम राख्नका लागि स्वास्थ्य विभागद्वारा जारी गरिएको निर्देशिका हेर्नुहोस्।





**सोधपूछहरूका लागि, कृपया भवन विभागको हटलाइन**
**2626 1616 मा फोन गर्नुहोस्**
("1823" द्वारा हेरिने)

**भवन विभागको वेबसाइट**
www.bd.gov.hk/en/index.html

**महामारी रोकथामसम्बन्धी जानकारी स्वस्थ ड्रेनहरू**
https://bit.ly/3r9TV5Z